| क्र.स | विवरण | आवश्यक कागजपत्रहरु | लाग्ने समय | सम्पर्क व्यक्ति | आर्कषित हुने नीति | लाग्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | सदस्यता प्राप्ती | १. सदस्यता आवेदन फारम<br>२. नेपाली नागरिकताको प्रतिलिपी<br>३. हालसालै खिचेको फोटो ४ प्रति<br>४. कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाणपत्रको प्रतिलिपी (बसाई सराइ,मतदाता परिचय पत्र आदि)<br>**संरक्षित सदस्यका लागि**<br>१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी<br>२. हालसालै खिचेको फोटो ३ प्रति<br>३. संरक्षकको नेपाली नागरिकताको प्रतिलिपी | ३ दिन भित्र | संस्थाको सदस्य, सहायता कक्षको कर्मचारी | सदस्यता नीति २०७१ | १. प्रवेश शुल्क रु. २६०।<br>२. सदस्यता शुल्क - नलाग्ने<br>३. प्रति थान रु.१०० को ५ थान शेयर<br>४. नियमित बचत न्यूनतम रु. २००।<br>५. सदस्य राहतकोष रकम रु. ५००। |
| २ | बचत खाता संचालन | १. बचत खाता आवेदन फारम<br>२. संस्थाले जारी गरेको पासबुक वा परिचय पत्रको प्रतिलिपी<br>३. दस्तखत नमूना कार्ड | तुरुन्तै | बचत विभाग | स्वीकृत बचत नीति २०७० | नलाग्ने |
| ३ | बचत जम्मा | बचत जम्मा गर्ने भौचर वा बचत नगदी रसिद | तुरुन्तै | बचत विभाग | स्वीकृत बचत नीति २०७० | नलाग्ने |
| ४ | बचत फिर्ता | बचत फिर्ता माग फारम वा रकम बुझेको भर्पाई र पासबुक | तुरुन्तै | बचत विभाग | स्वीकृत बचत नीति २०७० | नलाग्ने |
| ५ | ऋण लिने प्रकृया | १. संस्थाले उपलब्ध गराएको ऋण आवेदन फारम<br>२. नेपाली नागरिकताको फोटोकपी<br>३. हालसालै खिचेको फोटो २ प्रति<br>४. व्यक्तिगत जमानी बस्नु पर्नेमा जमानी बस्ने व्यक्ति स्वयं उपस्थित हुनु पर्ने<br>५. धितो सुरक्षणमा भए जग्गाधनी प्रमाणपूर्जा सक्कलै,<br>६. ब्लुप्रिन्ट नक्शा प्रमाणित<br>७. ट्रेस नक्शा प्रमाणित<br>८. सम्बन्धित गा.वि.स वा नगरपालिकाको चारकिल्ला प्रमाणित सिफारिस र चालु आ.व को तिरो तिरेको रसिद<br>९. आयश्रोत प्रमाणित कागजपत्रहरु<br>१०. व्यक्तिगत धन जमानत सम्बन्धित कागज (स्वयं उपस्थित भै नागरिकताको फोटोकपी र फोटो १ प्रति पेश गर्नु पर्ने)<br>११. हायर पर्चेज भए मोटरसाइकल वा गाडिको कोटेशन वा ब्लु बुकको फोटोकपी र सवारी साधनको फोटो २ प्रति<br>१२. फुल बीमाको अवधि बाँकी भएको खुल्ने कागजपत्रहरु<br>१३. आवश्यक महशुस गरी संस्थाले माग गरेको अन्य थप कागजपत्रहरु | १ लाख भन्द कम भए तत्कालै, ५ लाख सम्मको बढीमा ७ दिन, सो भन्दा बढी भएमा बढीमा १५ दिन | ऋण विभाग | स्वीकृत ऋण नीति संस्थाको विनियम तथा सहकारी ऐन नियमावली र मापदण्ड | स्वीकृत ऋण नीति अनुसार तथा<br>३० हजार सम्म ३० रुपैया<br>३१ देखि ५० हजार सम्म भए ५० रुपैया<br>५१ देखि १ लाख सम्म भए १०० रुपैया<br>सो भन्दा माथि भए ३०० फारम शुल्क लाग्ने । |
| ६ | ऋण तिर्ने प्रकृया | संस्थाले ऋण स्वीकृत गर्दाका अवस्थामा उपलब्ध गराएको ऋण भुक्तानी तालिकाको आधारमा तोकिए बमोजिम मासिक/द्वैमासिक वा त्रैमासिक रुपमा किस्ता र अनिवार्य रुपमा मासिक ब्याज भुक्तानी गर्नु पर्ने | तुरुन्तै/ कार्यालय खुलेको समयमा वा लघुवित्त समूहको भए समूहको बैठकमा | काउन्टर वा लघुवित्त सहायक | ऋण नीति २०७० | नलाग्ने |
| ७ | सदस्य सुरक्षण सहायता तथा राहत | १. वार्षिक ५०० का दरले कोषमा रकम जम्मा गर्नु पर्ने,<br>२. शुरु जम्मा गरेको मितिबाट तेश्रो महिना देखि सदस्य सुरक्षण सहायता तथा राहत उपलब्ध गराइने,<br>३. आफुले जम्मा गरेको रकमको ३ गुणा सुरक्षण सहायता र ३ गुणा राहत उपलब्ध हुन गराइने, | निवेदन पेश भएको बढीमा ७ दिन | बचत विभाग | सदस्य सुरक्षण सहायता तथा राहत नीति २०७२ | नलाग्ने |
| ८ | सदस्यता त्याग | सदस्यता त्याग गर्नु पर्ने स्पष्ट कारण खोलि संस्थाले सदस्यता त्यागका लागि उपलब्ध गराएको फारम भरी पेश गर्नुपर्ने | बढीमा ७ दिन | व्यवस्थापन प्रमुखको सिफारिसमा संस्थाको अध्यक्ष वा अधिकार प्राप्त व्यक्ति | संस्थाको स्वीकृत विनियम २०५६ | खाताबन्दी शुल्क रु. १०० लाग्ने |
| ९ | गुनासो तथा उजुरी | आफ्नो गुनासो तथा सुझावलाई स्पष्ट र सरल भाषामा लेखि सुझाव पेटिकामा खसाउने वा गुनासो लेख्नका लागि व्यवस्था गरिएको रजिष्टरमा आफ्नो गुनासो स्पष्ट, सरल र शिष्ट भाषामा लेख्ने | तत्कालै समाधान हुनेमा तत्कालै र संचालक समितिमा पेश गर्नु पर्ने भएमा बढीमा १५ दिन भित्र | व्यवस्थापन प्रमुख | गुनासो सुनुवाइ कार्यविधी २०७२ | नलाग्ने<br>(सुनुवाइ पश्चात भएको कार्यन्वयन सम्बन्धि जानकारी टेलिफोन मार्फत प्रदान गरिने र सम्पर्क नं प्राप्त नभएमा सूचना पाटीमा टाँस गरिने ) |

**"सदस्यको सन्तुष्टी नै संस्थाको सफलता हो"**

# ज्योति मिर्मिरे सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.का

## सदस्यहरुले ध्यानदिनु पर्ने कुराहरु

| क्र.स | सदस्य | कानुनी व्यवस्था कहाँ ? |
|---|---|---|
| १ | **सदस्यता प्राप्त गर्न :**<br>१. १६ वर्षको उमेर पूरा गरेको हुन पर्दछ,<br>२. संस्थाको कार्यक्षेत्र भित्र स्थायी बसोबास गरेको हुन पर्दछ,<br>३. संस्थाको विनियम पालन गर्न मञ्जुर गर्नु पर्दछ,<br>४. प्रचलित ऐन कानुनले योग्य ठहरिएको व्यक्ति,<br>५. आफ्नो क्षमता अनुसार नियमित बचत गर्नु पर्दछ,<br>६. कम्तीमा ५ कित्ता शेयर खरिद गर्नु पर्दछ ।<br>**संरक्षित सदस्यता प्राप्त गर्न**<br>१. १६ वर्ष भन्दा कम उमेर समूह भएको,<br>२. आफ्नो अभिभावक संस्थाको शेयर सदस्य भएको हुनु पर्ने<br>३. जन्मदर्ताको प्रतिलिपी पेश गर्नु पर्ने<br>४. बचत जम्मा गर्नमात्र पाउने १६ वर्ष पूरा नभए बचत फिर्ता नहुने | संस्था संचालन गर्न बनेको विनियम २०५६ को परिच्छेद ३ दफा (८) को उपदफाहरु (क) (ख) (ग) (घ) (ङ) र (च) बमोजिम<br><br>सदस्यता नीति २०७२ बमोजिम |
| २ | **सदस्यताबाट निष्काशन**<br>१. संस्थाको संचालन र प्रगतिमा हानी नोक्शानी हुने काम गरेमा,<br>२. संस्थाको उद्देश्य अनुरुपको संस्थागत सुशासनका लागि लागु गरिएको नीति नियम वा प्रतिष्ठामा आँच आउने कुनै काम गरेमा,<br>३. संस्थाको कुनै अन्य सदस्यको तथा नेपाल सरकारबाट स्वीकृती प्राप्त अन्य वित्तिय संस्था वा अन्य सहकारीहरुलाई तीर्नु बुझाउनु पर्ने पर्ने रकम तोकिएको शर्त र सम्झौता अनुसार नतिरेको प्रमाणित हुन आएमा, | संस्था संचालन गर्न बनेको विनियम २०५६ को परिच्छेद ३ दफा (११) को उपदफा (क) (ख) र (ग) बमोजिम |
| ३ | **सदस्यको काम कर्तव्य र अधिकार**<br>१. जतिसुकै शेयर लिएता पनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकार प्रयोग गर्न पाइन्छ ।<br>२. साधारण सभाबाट निर्वाचित भई संस्थाको प्रबन्धकीय कार्यमा भाग लिन,<br>३. संस्थामा नियमित रुपमा बचत गर्न तथा सो मा ब्याज प्राप्त गर्न,<br>४. संस्थाको विनियमको अधिनमा रही ऋण प्राप्त गर्न र सो को किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने<br>५. सदस्य एवं समूहको हित र विकास कार्यमा संचालकलाई सहयोग पुऱ्याउने,<br>६. साधारण सभा तथा संचालक समिति एवं उप समितिले गरेको आधिकारिक निर्णयको पालना गर्ने । | संस्था संचालन गर्न बनेको विनियम २०५६ को परिच्छेद ३ दफा (१४) को उपदफा (क) (ख) (ग) (ग) (घ) (ङ) र (च) बमोजिम |
| ४ | **बचत रकमको हक**<br>१. संस्थामा जम्मा गरेको कुनै पनि रकम बचत रकम सदस्य जीवित रहुन्जेल सम्म अरु कसैको हकदावी लाग्दैन<br>२. सदस्यको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिको मात्र हकदावी लाग्नेछ ।<br>३. सदस्यले इच्छाएको व्यक्तिको नाम निवेदनमा उल्लेख नगरेमा प्रचलित नेपाल कानुन बमोजिम<br>हकदार कायम गरिनेछ । | संस्था संचालन गर्न बनेको विनियम २०५६ को परिच्छेद ५ दफा (२१) को उपदफा (क) (ख) (ग) (ग) बमोजिम |
| ५ | **आफ्नो खाता हेर्न पाउने**<br>संस्थाको खाताहरु सदस्यले हेर्न चाहेमा जुनसुकै बखत पनि उपलब्ध हुन सक्नेछ, तर व्यक्तिगत बचत खाता सम्बन्धित व्यक्ति स्वयंले मात्र हेर्न पाउनेछ । | संस्था संचालन गर्न बनेको विनियम २०५६ को परिच्छेद १० दफा (५८) बमोजिम |
| ६ | **ऋण सम्बन्धि व्यवस्था**<br>**ऋणको मूल्य र मान्यता**<br>संस्थाले सदस्यहरुलाई प्रदान गर्ने ऋण सदस्यहरुको अधिकारको रुपमा नभई सुविधाको रुपमा लिइनेछ,<br>**ऋण लिन आवश्यक योग्यता :**<br>१. सहकारी ऐन, नियमावली, सहकारी मापदण्ड, संस्थाको विनियम तथा ऋण नीति पालना गर्न तत्पर<br>२. सदस्य बनेको कम्तीमा ३ महिना पूरा भएको हुनु पर्ने,<br>३. न्यूनतम १० कित्ता शेयर खरिद गरेको,<br>४. नियमित बचत मासिक रुपमा जम्मा गरेको हुनु पर्ने,<br>५. अन्य वित्तिय संघ संस्थाहरुमा कालोसूचीमा नपरेको,<br>६. ऋण माग गर्ने समयमा फौजदारी अभियोग नलागेको,<br>७. संस्थामा नीति परिवर्तन हुँदा परिवर्तन र शंसोधनलाई मान्न तयार<br>८. परिवारका अन्य सदस्यको नाम समेत कालोसूचीमा नपरेको हुनु पर्ने,<br>९. ६५ वर्ष उमेर ननाघेको<br>१०. मानसिक सन्तुलन ठीक भएको | संस्थाको स्वीकृत ऋण नीति २०७० को परिच्छेद २ को दफा २.१ बमोजिम |

“सदस्यको आर्थिक तथा सामाजिक विकासका लागि सहकारीमा सुशासन”